*Received: 30 January 2024 | Revised: 29 February 2024 | Accepted: 31 March 2024*

# सँकटमा फीरन्ते जाती राउटे जीवनसैली

**शान्ताकुमारी बस्याल**[१]

**लेखसारः**

*राउटेहरु नेपालको लोपोन्मुख आदिबासी हुन् । नेपालको मध्यपस्चिम क्षेत्रमा बसोबास गर्ने यिनिहरु फिरन्तेको भेषमा जिबोकोपार्जन गर्दै आएको इतिहासले पुस्टि गरेको छ । यिनिहरू करिब ७०० बर्ष अगाडि सुदुरपस्चिमको सेती नदीको किनारदेखी प्युठानसम्मको क्षेत्रमा बसोबास गर्दै आएको इतिहासको अध्यनबाट पुष्टि भएकोछ । कालिकोटको फूर्कोट क्षेत्र राउटेको उद्यगमस्थल मानिएकोछ । उ बेला समुह समुहका बिचमा लडाईँ हुँदा लडाइँमा हार खाएर लुक्न जँगल पसेका उनिहरू आफूलाइ कर्णाली प्रदेशको राजा खस ठकुरी मान्दछून । मुलथलो कालिकोट भएपनि अहिले राउटेहरु विभिन्न जिल्लामा छरिएर बसेकाछन् । अहिले उनिहरु दैलेख,जाजरकोट,सुर्खेत, डधेल्धुरा, सल्यान, दाङ्, रोल्पा र कालिकोट जिल्लामा बसोबास गरेका भेटिन्छ । अहिले भने राउटेहरु दैलेख जिल्लामा मात्रै फीरन्तेका रुपमा रहेकाछन् । अन्य जिल्लामा बस्दै आएका राउटेहरु सरकारले प्रदान गरेको सुबिधाको उपयोग गरेर अन्य जातका व्यक्ति सरह घरमा बस्ने र अन्य पेशा व्यवसाय गर्ने गरेको भेटिन्छ । समयको गतीसँगै फेरिएको राउटेको जीवनसैलीले नेपालको एउटा बिशेष पहिचान बोकेको जनजाती लोप हुनसक्ने खतरा बढेको छ । आफ्नो छुट्टै भाषा भएका राउटेले खाम्चा भाषा बोल्ने गरेकोमा नयाँ पुस्ता भने नेपाली भाषामा पनि पोख्त हुँदै गएकाछन् । यसले भोलिका दिनमा आफ्नो भाषा बोल्नेको सँख्या घट्दै जानसक्ने आँकलन गर्नसकिन्छ ।*

*आफ्नो परम्परागत जीवनशैलिमा बस्दै आएका राउटेहरू दैलेख जिल्लामा मात्रै रहेका छन् । उनिहरु एकैस्थानमा बस्दैनन् , एकठाउँमा बढीमा डेढ वा दुई महिना बसेपछि पुनः नयाँ ठाउँमा बसाई सर्दछन । बसेको स्थानमा कोहि मर्यो भने पनि उनिहरु तुरुन्तै त्यो ठाउँ छाडेर अर्को ठाउँमा बसाई सर्दछन । जँङ्गल र खोलाको छेउछाउ बस्दछन् । वर्षामा भिरालो जमिनलाई रोजेर आश्रयस्थलको रुपमा प्रयोग गर्दछन भने हिँउदमा सम्म परेको ठाउँ खोलाको किनारमा बुकुरा बनाएर बस्दछन् । यसरी बासको बन्दोबस्त मिलाउँदै आएका उनिहरुले बाँदर, लुनाको शिकार गर्ने, आफ्नो सिपबाट तयार गरेको काठबाट बनेका सामान बेच्ने वा अन्नसँग साटेर आफुलाइ चाहिने सामानको जोहोगर्नुका साथै जँगली कन्दमुल र फलफूल खाएर जीवन निर्भाह गर्दछन् । ऊनिहरुको आफ्नै विशेष सँस्कृति छ, उनिहरु जतागएपनि लौरो,मादल,मजुरा,ढ्याङ्गो लिएरै जान्छन् । उनिहरुका समुहमा कोहि मरेभने बसेको ठाँउभन्दा अलिपर लगेर गाड्ने चलनछ । परम्परागत सैलिको बसोबास भएपनि आनिबानिमा भने यिनिहरु अन्य समुदायका व्यक्ति, संघसस्था र सरकारको नजिक जाने र सुबिधा लिने गरेकाछन् । जँगलको अभाव र काठको कमिले यिनिहरुको परम्परागत पेशा सँकटमा परेकोछ भने सरकारले लोपउन्मुख जातिलाई*

१. श्री बश्याल समाजशास्त्र विभाग पाटन स. क्याम्पसमा प्राध्यापन गर्नु हुन्छ ।

*दिने माषीक भत्ता बुझ्न थालेपछी उनिहरुको आफ्नो परम्परागत पेशामा भन्दा सहयोगमा रमाउने बानीको बिकास भएको छ। राज्यकोलागि प्रमुख चुनौति भनेको उनिहरुलाइ राष्ट्रको सम्पत्तिको रुपमा जोगाउने हो भने बिचरण गर्ने स्थान दिएर परम्परागत सैलिमा बाच्न सक्ने स्थीति बनाउन पर्यो, हैनभने अन्य जातजाती जस्तैगरी बाच्नसक्ने बनाउन पर्यो। राज्यले विविधतालाई सम्पत्ति मान्ने हो भने उनिहरुलाई परम्परागत सैलिमा बाच्नसक्नेगरी जँङ्गलमा विचरण गर्नसक्नेगरि सँरक्षीत बनको इलाका तोकेर विचरण गर्न दिनुपर्ने आवस्यकता छ। समाजसास्त्रको सँरचनात्मक प्रकार्यबादी दृस्टिकोणबाट हेर्दा यिनिहरुलाइ परम्परागत रुपमा बाँच्न सक्ने बनाउनुपर्दछ।*

**मुख्य शब्द वा पदावली** : नेपालको सुदुरपश्चिम क्षेत्रमा बसोबास गर्ने फीरन्ते व्यवसाय भएको शीकारजीवी एकजाति; सुदर पश्चिममा बसोबास गर्ने कुसुण्डो जाती।

## परिचय

पृथ्वीमा उत्पत्ति भएका अनगिन्ति जीवमध्ये मानव जाति पनि एक हो। नेपालको बुटवल आसपासको क्षेत्रमा वाँनर प्रजातिको रामापिथेकसको अवशेष भेटिएको आधारमा मानवको विकास यस क्षेत्रमा छिटो भएको मानिन्छ। मानव सभ्यताको सुरुवातमा बाँदरजस्तै देखिने जीवलाई प्रोकन्स्कूल भनिन्थ्यो। यिनीहरूको शरीर कुप्रो थियो। क्रमशः शारीरिक संरचनामा परिवर्तन हुँदै अस्टेलोपिथेकस, पिथेकनथेरापस, नेन्डरथालामन्स र क्रोम्याग्ननजस्ता विकसित अहिलेकै मानव देखा परे। सुरुको बाँदर प्रजाति प्रोकन्स्कूलका केही मात्रामा पुच्छर थियो भने त्यसपछिका विकसित विभिन्न स्वरूपमा पुच्छर हराएको पाइन्छ। उत्पत्तिको मिति पत्ता लगाउन जीवाशेषहरूका आधारमा अहिले पनि अनुसन्धान गर्ने काम भइरहेका छन्। समय र वातावरण बुझेर निर्णय र काम गर्न सक्ने भएकैले मानिसलाई बुद्धिमान प्राणी मानिन्छ।

प्राचीन मानवहरूले हजारौं वर्ष पृथ्वीमा ढुंगा खोपेर बिताए र बिलाए पनि। तर, आधुनिक मानवले चन्द्रमा र मंगलग्रहको धुलो अध्ययन गरि मानव बस्ति बस्न योग्य छ कि छैन भनेर खोजी गर्दैछ। खोजि गर्ने मात्रै हैन की त्यसमा भएका बस्तुगत अवस्थितिको मुल्याङ्कन गरी त्यसमा कसरी मानव बस्ती बसाउने भनेर दिन-रात नयाँ सौँचको खोजिमा छन्। प्रविधिको विकाससँगै यो सौँचमा मानव समुदाय पुगिरहँदा अहिले पनि धेरै त्यस्ता समुदाय छन्, उनीहरू आधुनिकताभन्दा पर रमाउन चाहन्छन्। उनीहरूको रहन-सहनसँगै कानुन पनि आफ्नै समुदायले मान्ने सार्वजनिक कानुन भन्दा फरक भेटिन्छ। आफ्नै नियममा रमाउने त्यस्ता समुदाय नेपालसहित विश्वका धेरै मुलुकमा छन्। त्यसमध्ये नेपालको कर्णाली प्रदेशका विभिन्न जंगलमा घुमन्ते जीवन बिताउने राउटे समुदाय पनि एक हो। उनीहरूको आफ्नै नियम छ। शिकार र कन्दमूलको भरमा जीवन धान्दै आएका उनीहरू जंगललाई नै आफ्नो आवास क्षेत्र वा घर मान्दै आएका छन्।

राउटे समुदाय नेपाल सरकारले पहिचान गरेका आदिवासी जनजाति हुन्। नेपालका अन्तिम घुमन्ते समुदाय। मुख्य गरी जङ्गल किनारामा बसोबास गर्ने, जङ्गली खाद्यान्नहरू सङ्कलन गर्ने तथा बाँदर, ढेडु लगायतका जङ्गली जनावरको शिकार गर्ने यी समुदायमा परिवर्तित सन्दर्भमा काठबाट बनेका भाडाकुँडाको व्यापार तथा अन्यस्रोतबाट (जस्तै सामाजिक सुरक्षा भत्ता) अन्नबाली तथा खाद्यान्न साटी आफ्नो गुजारा

चलाइरहेका छन् । दैलेख, जाजरकोट, सुर्खेत, अछाम, दाङ, सल्यान, कालिकोट आदि जिल्ला आसपासका जङ्गलका छेउ,पहाडको खोच तथा टाकुरा, नदी किनारमा बसाइ सरिरहने यी घुमन्ते समुदायले विश्वमै नेपालको नाम चिनाउन तथा नेपालको सांस्कृतिक विविधता झल्काउन महत्वपूर्ण भूमिका खेलेका छन् । प्रारम्भिक आदिमकालीन समाजका विशेषता बोकेका तथा समूहको मुख्य व्यक्ति मुखिया भएका, प्रकृतिका पुजारी यो समुदायले अझै पनि खेती गर्नुहुँदैन, आफ्नो जनसंख्या गन्नु हुँदैन वा भन्नुहुँदैन, एक ठाउँमा स्थायी बास गर्नुहुँदैन भन्ने जस्ता मान्यता राख्दछन् । नेपालमा रहेका विभिन्न आदिवासी जनजातिहरूमध्ये राउटे पनि एक हो । (खड्का, राउटे समुददायको संक्षिप्त अध्ययन, वि. स. २०७७)

पैसा छोए पाप लाग्छ भन्ने, आफूलाई जंगलको राजा मान्ने राउटे जातीका बारेमा धेरै अध्ययन र खोज पनि भएका छन् । खोजका क्रममा उनिहरुको परम्परागत स्वभाव व्यवहारमा परिवर्तन आएको देखिन्छ। अहिले हेर्दा यिनिहरु फेरिदै गएको आभास हुन्छ। पहिले अरू समुदायका मानिसको नजिक नजाने राउटेहरु अहिले भने कोहि नयाँ मान्छे देखेपछि पैसा देऊ भनेर हात थाप्छन पुग्छन् । तरपनि, यो समुदाय अहिले पनि जंगली युगमै रहेको देखिन्छ। खुल्ला चउर, खोला, जंगलमा बासस्थान बनाउने यिनीहरू कृषि युगमा पनि प्रवेश गरेका छैनन् । जंगलनजिकै घामपानी छल्ने, अन्नपात थन्काउन मिल्ने बुकुरा बनाएर  सामान्य फिरन्ते जीवन बिताउँदै आएका छन् । यसरी जिवन निर्भाह गर्दै आएका लोपोन्मुख राउटे समूदायको जनसंख्या घट्दै गएको अध्यनले देखाएकोछ।

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक जनगणनामा उनीहरूको जनसंख्या घटेको देखिएको छ। राउटे बस्तीमा पुगेर गणना गर्ने गणकहरूका अनुसार राउटेको जनसंख्या गणक पुग्दा १ सय ४५ रहेको तथ्य सार्वजनिक भएकोछ। अघिल्लो जनगणना २०६८ मा उनिहरुको जनसँख्या १ सय ५० उल्लेख भएको थियो । (जनगणना, वि.स. २०७८) नेपालको २०६८ को जनगणना अनुसार नेपालका विभिन्न ठाउँमा बसोबास गर्दै आएका  राउटेको संख्या  जम्मा जम्माजम्मि ६ सय १८ रहे पनि ६ सय ५० जना राउटे रहेको हुनसक्ने अनुमान गरिएको तथ्यांक छ। आफ्नो परम्परालाइ  कायम राख्दै कैलालि जिल्लामा फिरन्ते जीवन बिताउने राउटेको संख्या १ सय ५० उल्लेख गरिएको थियो। (जनगणना, वि.स. २०६८)

काठका किला गाडेर , पुराना कपडा र त्रिपालको छानो बनाइ पुराना कपडाले नै घरभित्र पस्ने ठाउँमा छेक्ने  व्यवस्था  गरिएका  स-साना अस्थाइ  संरचनामा कैद भएर यो समुदायले जीवन  कटाएका छन्। पछिल्ला केहि समययता  राउटेहरु र अन्य समुदायका मानिसहरुका बिचमा  घुलमिल र कुराकानी हुने क्रम बाक्लिन गएको छ। त्यसैले यो समुदायमा केही  बढी बाहिरि प्रभाव परेको छ। राउटे समुदायका युवा युवतिहरू अन्य समुदायसँग घुलमिल हुने क्रम बढ्दो छ।  राउटेको फेरिँदो जिवनशैलिलाई हेर्दा यो समुदाय क्रमशः सामाजिकीकरणतर्फ उन्मुख भएको प्रष्ट देखिन्छ।

आधुनिकीकरणका कारणले गर्दा राउटे जातिको आफ्नो मातृभाषा, संस्कृति, भेषभूषा, रीतिरिवाज तथा चालचलनहरूमा तीव्र परिवर्तन र विनाशको सङ्कटमा रहेको छ। तर समुदायमा भाषा, संस्कृति, भेषभूषा, रीतिरिवाज र धर्मको आफ्नै महत्व र अस्तित्व छ। तर आजभोलि राउटे समुदाय पनि गतिशील भएका छन्।

बृहत रूपमा समाजशास्त्रीय, मानवशास्त्री अध्ययन हुन नसक्दा राउटे जातिको उत्पत्ति, आगमन र ऐतिहासिक पक्षवारे विद्धानहरूमा मतऐक्यता पाइँदैन। (खड्का, राउटे समुदायको संक्षिप्त परिचय, वि.स. २०७७)

कर्णाली प्रदेश सरकारले राउटेलाई राज्यको मूलप्रवाहमा ल्याउन विषेश नीति तयार पारेर काम गर्दै आएकोछ। अन्य समुदायका मानिस जस्तै स्थायी बसोबास गराउने, उनिहरुको परिचय खुल्ने प्रमाणपत्र प्रदान गर्ने, उनीहरूको भाषालाई लिपिबद्ध गर्दै संस्कृति संरक्षण गर्ने लगायतका नीति प्रदेश सरकारले तया गरेको छ। तीन वर्षअघिबाट नै दैलेखको गुँरास गाउँपालिकाले उनिहरुलाइ स्थायी परिचय-पत्र उपलब्ध गराएर मूलप्रवाहमा ल्याउने प्रयास गरेको छ। पालिकाको तर्फबाट उनिहरुलाइ नियमित मासिक निर्भाह भत्ता पनि प्रदान गर्दे आएको छ। अहिले प्रदेश सरकारले नीति नै तयार पारेपछि अब राउटेले चाहेमा अन्य समुदायका मानिस जस्तै घर बन्दोबस्त गरेर बस्न पाउने भएका छन्। यो सुबिधा पाएसँगै अन्य जिल्लामा रहँदै आएका राउटेले सुबिधाको उपयोग गरेपनि दैलेख जिल्लमा रहेका राउटेहरु फिरन्ते अवस्थामै रहेकाछन्। यो समुदायको संरक्षणकालागि गुराँस गाउँपालिकाले मासिक निर्भाह भत्ता रु. ४००० दिँदै आएकोछ जसका कारण उनिहरु स्थानिय सरकारको नजिक हुन पुगेकाछन। स्थानिय सरकार र प्रदेश सरकारले चालेका प्रयासले एकातिर उनिहरुको जीवन सहज भएको देखीन्छ भने अर्कातर्फ एउटा छुट्टै पहिचान बोकेको यो समुदाय भोलिका दिनमा इतिहासमा सिमित हुने खतरा देखिएकोछ। त्यसकारण अव सरकार , समाजशास्त्रि र मानवशास्त्रिले गहन रुपमा सोँचेर यिनिहरुलाइ कसरी व्यवस्थित गरनुपर्छ भन्ने निस्कर्ष निकाल्नु पर्ने देखिन्छ।

रास्ट्रको समुन्नत बिकासकोलागि सबै क्षेत्रको बिकास हुनुपर्दछ। बिकासको मापन के त भन्ने कुराको निर्कयोल हुन जरुरीछ। सबैलाइ आ-आफ्नो रितिरिवाज, प्रथा, परम्परा राम्रो र प्यारो लाग्दछ। त्यसकारण कसैले कसैलाइ जवरजस्ति अन्य बाटोमा लान मिल्दैन। उनीहरूको पनि आफ्नो स्वतन्त्रता र अधिकार छ। कुनै कानुन, नीति नियमले मिचेर कुनै समुदायको पहिचान मेट्न हुँदैन। कसैको विचार अन्य कुनै समुदायमा लाद्नु हुँदैन। आवश्यता अनुसार समुदायको विकास आफैं हुँदै पनि जान्छ, यसमा सरकारको साथ चाहिन्छ। यस्ता समुदायको संस्कृतिमा हुने आक्रमण तीनै तहका सरकारले समयमा रोक्नुपर्छ। कर्णाली प्रदेश सरकारले बनाएको नीतिमा उल्लेखित जातीय र मौलिकताको संरक्षण, राउटे बासस्थानलाई पर्यटकीय प्रवर्द्धन गर्ने, बाह्य समुदायबाट हुने हानी-नोक्सानी तथा हिंसाजन्य जोखिम रोक्ने राम्रा प्रयास हुन्। त्यस्ता नीतिको कार्यान्वयन समयमै हुनुपर्छ।

राष्ट्रिय जनगणना २०६८ अनुसार बिभीन्न जिल्लामा बसोबास गर्ने राउटेको जनसंख्या ६ सय १८ थियो। फिरन्तेकै अवस्थामा रहेका दैलेख जिल्लाको बिभिन्न स्थानमा घुमन्ते जीवनयापन गरिरहेका राउटे समुदायमा जनगणना २०६८ को समयमा ४४ परिवारका १ सय ४६ जना मात्रै थीए भने २०७८ को जनगणनामा फिरन्ते जीवन बिताउँदै आएका लोपोन्मुख राउटे समूदायको जनसंख्या घटेको देखिएकोछ। राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक जनगणनाले उनीहरूको जनसंख्या घटेको देखाएको छ। जनगणना २०७८ को समयमा राउटे बस्तीमा पुगेर गणना गर्ने गणकहरूका अनुसार राउटेको जनसंख्या १ सय ४५ रहेको थियो। अघिल्लो गणनामा १ सय ४६ उल्लेख भएको थियो। नेपालको २०६८ को जनगणना अनुसार नेपालमा राउटेको संख्या ६ सय १८ रहे पनि ६ सय ५० जना राउटे रहेको हुनसक्ने अनुमान गरिएको छ। दैलौख जिल्लामा फिरन्ते

जीवन बिताउने राउटेको संख्या  १५० जना उल्लेख गरिएको भएतापनि फिरन्ते जीवनसैलि अपनाउने राउटेको सँख्या अहिले  १४१ जना रहेको छ। वि.सं २०८० असिज महिनामा राउटे मुखिया महिन बहादुर शाहीको ६९ वर्षको उमेरमा निधन भएको थियो। दैलेखको भेरवी गाउँपालिका-३ रतुवाखोलामा उनको निधन भएको थियो। २०६३ साल देखि उनलाई सम्मान पूर्वक 'महामुखिया' भन्ने गरेको थियो। अहिले ऐनबहादुर शाही राउटेका मुखिया रहेका छन्।

प्रदेश सरकारले बनाएको नीतिभित्र यो प्रदेशमा बस्ने  राउटेहरु मात्रै समेटिने भएकाले अन्य स्थानमा बस्ने राउटे समुदायलाई पनि सरकारले उचित व्यवस्थापन र सुरक्षा दिनुपर्छ। यस्ता लोप हुन लागेका सबै समुदायको समयमै उचित संरक्षण र सुरक्षा नगरे राउटे समुदाय इतिहासमा सिमितहुने सम्भावना रहन्छ। बाहिरी समुदायका मानिसहरुसँगको सामिपत्यताले उनिहरुमा विकृति पनि बढ्न सक्छ र समुदाय नै लोप हुने खतरा हुनसक्छ। यसलाइ समाजसास्त्रिय दृस्टिकोणबाट हेर्दा राज्यले उनिहरुलाई आवस्यक पर्ने बिचरणको स्थल र पेशा गर्न चाहिने सामान उपलब्ध गराएर सँरक्षण गर्दा नै पहिचान सहित उक्त समुदायको सँरक्षण हुनसक्छ। अहिले नेपालको कृषि विकाशमा प्रमुख समस्याका रूपमा बाँदर नियन्त्रण गर्नु पर्ने आवश्यक्ता तड्कारो रूपमा रहेको छ। बाँदरले किसानको मिहिनेत र भविष्य एक साथ नस्ट गरेर सास्ती दिएको छ। यसरी सताउने बाँदर राउटेको प्रमुख आहारा भएको हुँदा राज्यले विशेष कानुन बनाएर बाँदर भएका जङ्गली इलाकामा राउटेलाई बसाउने व्यवस्था मिलाउन सके दुवै खाले समस्याको समाधान एकै पटक हुन सक्दछ। त्यसतर्फ सम्बन्धित निकायको ध्यान जान पर्ने देखिन्छ।

**उद्धेश्य र विधिः**

यो लेखको मुख्य उद्धेश्य लोपोन्मुख फिरन्ते राउटे जातिको वर्तमान अवश्थाका बारेमा  जानकारी गराउने हो। उनिहरू अहिले पनि जङ्गली अवस्थामा जिवन व्यतित गर्दै आएका छन्। उनिहरू मानव सभ्यताको पहिलो चरणमै रहेको देखिन्छ। समयको माग वा सामाजिक सम्बन्धका कारण उनिहरूमा केही परिवर्तन आएको देखिन्छ। जसलाई राष्ट्रको मुल प्रभाहमा आउँदै छन् भनेर बुझ्ने वा राष्ट्रको सम्पतिको रूपमा रहेको राउटे पहिचान गुम्दै छ भनेर बुझ्ने भन्नेबारेमा अध्धयन गर्ने यो लेखको उद्धशेय रहेको छ।

**प्रारम्भिक तथ्य संकलनः** यस लेखलाई तयार गर्न लेखक स्वंयम स्थलगत अध्धयन गरी उनिहरूका आनिबानि र व्यवाहारका बारेमा बुझी प्रारम्भिक तथ्य संकलन गरिएको छ।

**दितिय तथ्य संकलनः** राउटेकाबारेमा विभिन्न संच्चार माध्यममा प्रकासित पुस्तक, पत्रपत्रिका र श्रब्य दृष्यबाट प्राप्त दितिय तथ्यहरू समावेश गरिएको छ।

**सामाजिक तथा आर्थिक अवस्था**

राउटे फिरन्ते जाति भएकाले यिनिहरुको अरु जातिको भन्दा भिन्दै खालको जीवनसैलि रहेकोछ। यिनिहरुको दैनिकी चलाउने तरिका अरुको भन्दा  फरक छ। यिनिहरू जङ्गलमा बस्ने भएकोले आफूहरुलाइ जङ्गलको राजा मान्दछन्। यिनिहरुले अरु समुदायका मान्छेलाइ दुनिँया भनि सम्बोधन गर्दछन भने अरु समुदायका मान्छेले पनि यिनिहरुलाइ जङ्गलि ( राउटे ) भन्ने गर्दछन्। दुनियाँका नजिक नबस्न जनङ्गल पसेका

राउटे आजभोलि दुनियाँका घर घरमा चाहार्ने र सर सहयोग मागेर जीवन निर्भाह गर्ने अवस्थामा पुगेकाछन् । दैलेख जिल्लाका बिभिन्न स्थानलाइ आम्रय स्थलका रुपमा प्रयोग गर्दै आएका यिनिहरु खास गरेर खानेपानीको पहुँच भएको  जङ्गल क्षेत्र खोजेर बस्ने र दुई तीन  महिना बसेपछी पुनः उस्तै ठाउँ हेरेर बसाई सार्ने गर्दछन् । बर्षाको समायमा भीरालो जमिन खोजेर बस्ने यिनिहरु  अन्य समयमा खोला किनार वा सम्मो ठाँउ हेरेर बस्ति सार्ने गर्दछन । यो भन्दा अगाडी राउटेहरु दैलेखकै प्रसिद्द धार्मिक तथा पर्टकिय क्षेत्र श्रीस्थान  नाभिस्तानको आसपास जङ्गलको बिचमा खोला किनारमा बसेका थिए । यो पङ्तिकार स्वयमले उक्त सथानमा पुगेर राउटेका बारेमा प्रत्यक्ष भेटेर जानकारी लिएको थियो । उनिहरुलाइ प्रतक्ष्य भेट्ने मौका मिलेकोले राउटेका आनिबानी र ब्यबहारका बारेमा  सत्य तथ्य  धेरै कुरा जान्ने मौका पाएको थियो । उनिहरुका आनिबानी र व्यवहार कस्तो छ भन्ने बुझ्न सजिलो भएको थियो । उनिहरुले आम्रय लिएका स्थान आसपासका जनता भने उनिहरुबाट आजित भएको प्रस्ट बुझ्न सकिन्थ्यो । श्रीस्थान  र नाभीस्थान आसपास बस्ने जनतासँग यिनिहरुका बारेमा सोध्दा हामिले त आउन नदिन खोजेको हो, तर यिनिहरु ज्याद्रो हुन्छन हामिले रोकेर रोकिँदैनन् । यिनिहरुले चाहेपछी अरुको केहि लाग्दैन । यिनिहरुले फोहर गर्छन, घरघरमा आएर मागेर हैरान गराउँछन । मौका परे उनिहरुले खेतिबाली समेत अनुमति बेगर टिपेर खाने गर्दछन् । उनिहरुलाइ कामलाग्ने हैसा, बन्चरो, जुत्ता, चप्पल पनि मौका मिले लैजान्छन्, त्यसैले सकेसम्म राउटेलाइ गाँउमा भित्राउन कोहि पनि चाहाँदैनन् । उनिहरुले चुरोट तान्ने, बढी नै रक्सि खाने भएकोले अन्य समुदायका मानिसहरुले उनीहरु आफ्नो नजिकमा नआए हुनथ्यो भन्ने ठान्दछन् । त्यसकारण अरुहरुले गरेको व्यवहारले उनिहरुलाइ गार्हो परेको देखिन्छ भने उनिहरुका ब्यबहारले पनि अरुहरुलाइ प्ठ्यारो भएको सजिलै बुझ्न सकिन्छ । नयाँ ठाउँमा बसाई सार्दा टहरा बनाउन चाहिने काठ काट्दा कति ठाउँमा  अन्य समुदायका मानिससँग झगडा भएको तितो अनुभव सँगालेर पनि उनिहरु फरक फरक ठाउँमा बसाई सारेर जीबिका चलाउँछन् । उनिहरु एकै ठाउँमा बस्दैनन् । उनिहरु आफनो परम्परा धान्न जस्तै प्रस्थितिको सामना गर्न तयार भएर नयाँ नयाँ ठाउँमा बसाइ सर्दछन् । उनिहरुले बसाइँ सर्ने बेला भएपछि मुखियाको अगुवाइमा ठाउँ खोज्ने काम गर्दछन् । मुखियाले उपयुक्त देखेको स्थानलाइ सबैले सुरक्षित ठानी आफ्ना भएका सामान लाउने कपडा, खाना पकाउने भाँडाकुडा, बाँदर मार्न प्रयोग गर्ने जाल, काठका सामान बनाउन प्रयोग हुने हतियार, बचेखुचेको खानपिनको सामान र अन्य भएका  सामल तामल पोका पारेर लिएर जानछन् । नयाँ ठाउँमा उनिहरुले काठका कीला गाडेर घरको आकार दिन्छन र त्यसलाइ कपडा वा त्रिपालले छोपेर परिवारै पिच्छेका अस्थाइ बुकुरा बनाएर बस्दछन् । मुखिया भनेको उनिहरुको समुहको नेता हो, जसलाइ मानबहादुर पनि भन्दछन् । मुखीयाको कुरा कसैले काट्न सक्दैनन् । मुखीया बोलेपछि त्यो कुरा कानुन सरह लागु हुन्छ ।

राउटेको जीवन निर्वाहको मुख्य आधार भनेको आफनो सिपको प्रयोग गरेर तयार गरेका काठका सामानहरु सोती ( काठको गहिरो आरी जस्तो भाँडो), मदुस, रोटि बेल्ने चक्का बेलना र पिर्कालाई अन्य समुदायका मान्छेलाइ बेचेर आएको पैसा वा सामानसँग साटेरआएको अन्नले चाहिएको सामान किनेर प्रयोग गर्नु हो । उनिहरुलको जङ्गलमा जाल थापेर बाँदर मारेर ल्याएर सामुहिक रुपमा काटेर बाँडेर खाने चलनछ । जङ्गलमा बस्ने भएकोले बाँदरको शिकार गर्नु  उनिहरुको दैनिकिमा परेपनि आजभोलि त्यसतर्फ भन्दा सहयोग मागेर चाहिएको सामान किन्न बढि सजिलो मान्न थालेको प्रस्ट देख्न सकिन्छ । उनिहरुले बनाएको काठको सामान

पाए पैसामा नपाए भाँडाभरि अन्न लिएर दिन्छन् । उनिहरुलाई राज्यको तर्फबाट दैलेखको गुँरास गाऊँपालिकाले मासिक रु. ४००० का दरले प्रतिव्यक्ति  भत्ता दिने गरेकोछ। यो व्यवस्था उनिहरुलाइ गुराँस गाउँपालिकामा बसेको समयबाट दिन सुरु गरिएकोले अहिले पनि सोहि पालिकाले भत्ता दिने प्रबन्ध गरेको छ। उनिहरु घुम्दै अन्यपालिकामा गएतापनि भत्ता दिनेकाम गुराँसकै भएको कुरा पालिकाका अध्यक्षले बताउनुभयो। उक्त कुरा गुराँस गाउँपालिकाका बर्तमन जन निर्वाचित अध्यक्ष श्री टोपबहादुर बी. सी. ले जानकारि गराउनु भएको हो। उनिहरुलाइ सहयोग गर्ने बिभिन्न सामाजिक  काम  गर्ने सँघ सँस्थाहरु पनि रहेकाछन् । जसमा दैलेख जिल्लाको सदरमुकाममा केन्द्रिय कार्यालय रहेको सामाजीक सेवा केन्द्र नेपाल ( सोसेक नेपाल ) नामको सँस्थाले उनिहरुलाइ प्रत्यक्ष रुपमा सघाउँदै आएको छ। उनिहरुलाइ केहि चाहिएमा सोसेक नेपाल नामक सँस्थाको कार्यालयमा कुरा राख्न पुगिहाल्छन् । उनिहरुको अभिभावकको  भूमिकामा सोसेक नेपाल रहेकोछ। सोसेक नेपालका अध्यक्ष हिरासीँह थापाले राउटे आफ्नै परिवारका सदस्य जस्तो लाग्ने र उनिहरुका दुःख पिडामा सकेसम्म मलमपट्टि लगाउने गरेको बताउनु भयो । सोसेक नेपालले उनिहरुलाई सफासुग्घर भएर बस्न सिकाउछ। दैनिक जीवन चलाउने क्रममा उत्पादन हुने फोहरलाइ निस्चित खाल्डोमा पुर्नुपर्छ भनेर सिकाउन उनिहरुसँगै बस्नेगरि कर्मचारि खटाएर  उनिहरुका आनिबानिमा परिवर्तन ल्याउने काम गरेकोछ। हरेकदिन दाँत माझ्न पर्छ भनेर सिकाउँछन् । उनिहरुमा पैसा पायो कि चुरोट, सुर्ति र मदिरा  पान गर्ने बानि धेरै भएकोले गर्दा जती दिए पनि थोरै हुने अवस्था छ, त्यसकारण उनिहरुको त्यो गलत बानी हटाउन सोसेक नेपालले स्थानिय सरकरसँग मिलेर कार्यक्रम नै बनाएर  योजनाबद्द रुपमा काम गरिरहेकोछ। त्यसले उनिहरुमा केहि परिवर्तन आएको पनि देखिन्छ। जसका कारण जङ्गली फीरन्तेका रुपमा रहेका राउटे र अन्य समुदायका मान्छेहरुका बिचमा गहिरो हिमचिम बढेको प्रस्ट देक्न सकिन्छ। उनिहरु बजारमा के नयाँ सामान आयो भनेर हेर्ने र आफूहरुले पनि सहयोग मागेर भएपनि उपयोग गर्ने गर्दछन् । यिनिहरुका पुरूषहरुले महिलाका चाहना पुरा गर्न सकेसम्म लागिपर्ने गरेको देखीन्छ भने महिलाहरु पुरुषको आज्ञाकारी भएर बस्ने गरेकोले यिनिहरुमा पीत्रसत्ता कायम रहेको प्रस्ट देख्न सकिन्छ। पुरुषहरु बाहिर शीकार गर्न जान्छन् । आफुहरुले बनाएको सामान बेच्न बाहिरी समाजमा जान्छन् । महिलाहरुले पानी ल्याउने ,खाना बनाउने र बच्चाको हेरचाह गर्ने  काम गर्दछन। बसाईँ सर्दा टहरा बनाउने काम पनि बिषेस गरेर महिलाहरुले नै गर्दछन् ।  बिभीन्न बाटोबाट प्राप्त पैसाले उनीहरुले  सुर्तिजन्य पदार्थ , जाँड रक्सि किनेर खान्छन् । त्यसले उनिहरुको स्वास्थ्य त बिग्रिन्छ नै आवस्यक सामान किन्ने पैसा समेत नहुँदा उनिहरुको जीवन थप कस्टकर बन्दछ। उनिहरु रक्सि खाएर एकआपसमा झगडा गरेर बस्ति नै कोलाहल बनाउँछन् । उनिहरुका बच्चाहरुले आमाको दुध छोडेसँगै मदिरा खान सुरु गर्छन। यस्तो खालको चेतनाका कारण राउटेको जीवन थप कस्टकर र जोखिमपूर्ण बनेको छ। राउटेका छोराको कपाल मुण्डन  वा काटेपछी शीकार गर्न जानसकने भयो भन्ने बुझीन्छ। कपाल मुण्डन गर्ने काम ८-९ वर्षको भएपछि गर्ने चलन छ। अहिले राउटे बस्तिमा विभिन्न खालका मान्छेहरु आउनेजाने गर्ने हुँदा उनिहरु बाहिरी मान्छेसँग सँगत गरेपछी आफ्ना आनिबानिमा परिवर्तन ल्याएको देखिन्छ। जसका कारण राउटे युवतिहरु अरु समुदायका युवासँग लहसिएको कुरा बाहिर आएको सुनिन्छ। उनिहरु बसेको स्थानमा मागेर नपुगेपछि छिमेकी जिल्लामा सरसहयोग माग्न राउटे मुखियाको अगुवाईमा जाने गर्दछन। यसले पनि उनिहरु पहिले जस्तो जङ्गलाई मात्रै जीवन निर्भाहको थलो मान्न भन्दा अन्य समुदायका मान्छेसँग मागेर आफ्ना आवस्यकता पुरा गर्नतीर लागेको बाट प्रस्ट हुन्छ कि

उनीहरुको परम्परा सँकटमा छ।

बाहिरबाट जानेले राउटेलाइ अन्य समुदायका व्यक्ति जस्तै एकै ठाउँमा बसेर बालबच्चलाइ स्कुल पढाउन पठाउने हो ! भन्दा हामिलाइ यस्तै राम्रो लाग्छ। राउटेले पढ्नु हुँदैन भन्छन्। हाम्रा पुर्खाले यहि गरेर गए , हामिले पनि यसै गरि गरि जाने हो। राउटेले पढ्न हुँदैन , हामि पढ्दैन भन्छन् । राउटे समुदायमा छोराछोरिमा खासै फरक गरिँदैन। उनिहरुले खोला किनारमा पाइने न्युरो ,जलुका ,पतिना खाँदै आएका भए पनि आजभोलि बजारमा पाइने तरकारी समेत किनेर खाने गर्दछन्। उनिहरुले आफ्नो समुदायका बिचमा आफ्नै खाम्चा भाषा बोलेपनि अरु समुदायका ब्यक्तिसङ्ग नेपालीमा कुरा गर्दछन्। अहिले राउटे भन्दा बाहिरका समुदायकालागी उनिहरु अध्ययनको बिषय बनेकाछन्। मिडिया कर्मि र सामाजिक सेवामा काम गर्ने ब्यक्तिहरु ,समाजशास्त्रि र मानवशास्त्रिहरुहरुको चासोमा राउटे परेको देखीन्छ। जसले गर्दा राउटेका बारेमा बिशेष रुपमा खोजिनिति गर्ने काम भएकोछ। त्यसकारण उनिहरु पनि अन्य समुदायका मान्छेहरुसँग नजिक हुँदै गएकाछन्। राउटेको बारेमा जान्न बुझ्न जानेहरुबाट उनिहरुले सहयोगको अपेक्षा राखेपनि खासै सहयोग पाएका हुँदैनन् , जसका कारण उनिहरुसँग बोल्न ,फोटो खीच्न चाहानेहरुसँग पनि पैसा माग्ने गर्दछन्। उनिहरुका विशेष ठूला चाहना हुँदैनन् , मात्रै पेटभरि खान र जे जस्तो कपडाले भएपनि शरिर ढाक्न पाए खुसि हुन्छन्। यिनिहरुलाइ प्राप्त हुने सहयोग धुम्रपान र मदिरामै सकेपछी न्युनतम आस्यकताकालागी भौतारिने गर्दछन्। यिनिहरुका पुरूषले कटनको कपडाको कछाड बाँधेर माथीबाट कटनकै कपडाको गादो बाँधेर हिड्छन् भने महिलाहरुले धोति लाएर माथिबाट कटन वा अन्य कपडको गादो बाँधेका हुन्छन्। आजभोलि उनिहरुलाई बाहिरी वातावरणको प्रभावले छोएकोछ। उनिहरुले टि भि र रेडियोमा बज्ने गीत सजिलोसँग गाउछन्। बाहिरी मान्छेसँग नजिक नपर्ने जात भनेर चिनिए पनि अहिले भने बाहिरी मान्छे त्यहा पुगेमा बोल्न खोज्छन, नजिक आउँछन र पैसा माग्न थाल्छन्। बाहिरी मान्छेलाइ उनिहरु समस्या समाधान गरिदीन सक्ने सक्षम ब्यक्ति देख्छन्। उनिहरुको नजरमा राउटेलाइ मात्रै दुःखछ, अरु सबै सक्षम र सुखी छन्।

अरुको भन्दा फरक फिरन्ते जीवन बिताउँदै आएका लोपोन्मुख राउटे समूदायको जनसंख्या घटेको छ। राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक जनगणनाले उनीहरूको जनसंख्या घटेको देखाएको छ। राउटे बस्तीमा पुगेर जनगणना गर्ने गणकहरूका अनुसार राउटेको जनसंख्या १ सय ४५ रहेको छ। अघिल्लो गणनामा १ सय ५० उल्लेख भएको थियो।

**राउटेको यौन र विवाह**

राउटेको विवाह परम्पराको आफ्नै नियमछ। यिनिहरुको आफ्नै समुह भित्रका फरक थरका केटाकेटीका बिचमा विवाह हुन्छ। परम्परागत रुपमा मागी विवाहको चलन चलि आएको छ। बिगतका दिनमा मागि विवाह मात्रै चल्दै आएको भएपनी आजभोलि भागी विवाह पनि गर्न थालेकाछन्। मागी विवाह गरेपछि खसी काटेर भोज खान्छन्। राउटे जातिमा लोग्ने मरेपछि श्रीमतिले पुनः बिहे गर्नु हुँदैन भन्ने मान्यता रहेकोछ। केटी मान्छेले श्रीमान गुमाउने कुरालाई भगवानको कृपा मान्दछन्। श्रीमती मरेमा राउटे केटाले विवाह गर्न पाउने चलन रहेको छ। यसले यिनिहरुको समुदायमा पृत्रिसत्ता कायम भएको प्रष्ट बुझ्न सकिन्छ। विवाहको उमेर केटाको २५

बर्ष भन्दा माथी र केटिको १५ बर्ष पुरा भएपछि बिहे गर्न योग्य भएको मान्ने चलन रहेकोछ । केटाहरुको कपाल मुण्डन गरेपछी हरेक काम गर्न सक्षम मानिन्छन् । बच्चाहरु सानैबाट बाँदर छोप्ने  र काठका समान बनाउने कला आफ्ना अभिवाकबाट सिक्दछन् । जब यिनिहरु आफनो काम गर्न सक्ने हुन्छन तव विवाह योग्य भएको मानिन्छ । यिनिहरुको अन्तर गोत्रिबिच विवाह हुँदैन, त्यसकारण पनि उनिहरुको जनसँख्या घट्दै गैरहेकोछ । राउटेको जनसख्या घट्नुमा मदिराको अत्याधीक सेवन  र स्वास्थ्यका बारेमा सचेत नहुनु पनि हो ।

राउटेको आफ्नै समुदायका केटाकेटीका बिचमा मात्रै विवाह हुन्छ । सामान्यतया यिनिहरुले बाँदर छोपेर मासु खाने चलन भएपनि विवाह पछी भने खसी काटेर मासुखाने चलन रहेकोछ । विवाहपछी  खसीको मासु र रक्सि खाएर नाँचगान गरेर रमाउने चलन रहेकोछ । यिनिहरु विवाह भएपछी नव जोडिले अलग  घर बनाएर बस्ने चलन छ । राउटेहरुका छोरी मान्छेलाइ आफ्नो समुदायमा एक्लैबस्दा पनि खासै डर हुँदैन । समाजको बदलिँदो परिबेससँगै उनिहरुका आनिबानी पनि फेरिएको देख्न सकिन्छ । राउटेनी केटिहरु अन्य समुदायका केटाहरुसँग लहसिएका खवर बाहिर आउने गरेकाछन् । उनिहरु बाहिरी समुदायकाहरुसँग बोलचाल घुमघाम गरेपनि अहिलेसम्म कसैले पनि बाहिरि समुदायका मानिससँग विवाह गरेका छैनन् । उनिहरु यौन नियम पालनामा पुर्ण प्रतिवद्द रहेको देखिन्छ ।

**निस्कर्ष**

आजको २१ औं शताब्दीको जमानामा पनि  राउटेहरु  मानव सभ्यताको  बीकासको सुरुवाती चरणको अवस्थामा रहेकाछन । उनिहरुको फीरन्ते जीवनसैलिलाइ कुनैपनि देशको सम्पत्ति मान्ने कि ! अबिकासको नमूना भन्ने! यो अहिलेको गम्भीर प्रस्न हो । यो जीवनसैलिलाइ जोगाएर राज्यको सम्पत्ति मान्ने हो भने सरकारले उनिहरुको बिचरणकालागि आवस्यकपर्ने स्थानको उपलब्धतामा ध्यान दिनुपर्छ ।  आधुनिकिकरणतर्फ लाने हो भने पनि सहज रुपमा बस्न सक्ने बातावरण मिलाउन पर्ने अहिलेको टट्कारो आवस्यकता हो । हरेकलाइ आफ्नोपन राम्रो र रमाइलो लाग्छ । ऊनिहरु पनि आफ्नो पन बचाई राख्न चाहान्छन । परम्परा धान्ने नाममा उनिहरुले दुःख पाउनु राज्यकोलागी सुहाउने कुरा हैन । परम्परागत रुपमा हेर्दा राउटे समुदायको जीवन ज्युने आफ्नै  खालका नियम रहेकाछन् । महिलाले के गर्ने पुरूषले के गर्ने परिभाषित काम छन ।ति परिभाषित  काम सबैले पुरा गर्दै आएकोले नै यिनिहरुले आफ्नोपन जोगाउन सम्भब भएको हो ।  राउटेका महिलाहरुले धान कुट्ने ,निफन्ने र छाप्रो बनाउने काम गर्छन भने पुरूषहरुले शीकार गर्ने , आफूहरुले बनाएका काठका सामान बेच्न अन्य समुदायका मान्छेकोमा जाने गर्दछन् । उपयुक्त श्रम बिभाजन नै राउटेको अस्तित्व बचाउने प्रमुख कारण हो । राउटेले आफ्नो परम्परागत नियमको पालनामा कुनै कमि नगरेकै कारण साझा सँस्कृतिमा आवद्द भई एकताबद्द भएर रहन सकेकाछन् । यिनिहरूको सामुदायीक एकताकोलागी परम्परागत रुपमा एउटा मुखीया छान्ने चलन छ । सबै काम मुखीयाकै निर्देशनमा हुने गरेकोले यिनिहरुले परम्परालाइ जोगाउँदै आएकाछन् । अबभने यिनिहरुको परम्परागत जीवनसैलिमा सँकट आउन थालेको आभास भएकोछ । अहिलेको नेपालका कृषकोलागी जटिल समस्या बनेको बाँदर राउटेको प्रमुख आहार (खाना) हो । जहाँ जहाँ बाँदरको बिगबिगि छ, त्यतै त्यतै राउटेको बसाईँ सार्ने प्रबन्ध मिलाउन सके दोहोरो समस्याको समाधान हुने भएरपनि यता तर्फ कसैको ध्यान जान सकेको छैन । राज्यकालागि सबै नागरीक बराबर हुन भने उनिहरुलाई परम्परगत रुपमा वा उनिहरुको

चाहना अनुसार बाच्नसक्ने बातावरण मिलाउन सक्नुपर्दछ। राउटेको गणना गर्न हुँदैन भन्ने मान्यताको कारण अहिलेसम्म पनि उनिहरु नागरिकता बिहिन नागरिक भएर रहन परेकोछ भने नागरिकता नभएकै कारण उनिहरुको निर्वाचनमा चुन्ने चुनिने अधीकारबाट समेत वन्चित हुन परेको छ। यो २१ औँ शताब्दिमा सुहाउने कुरा हैन। राज्यको स्पष्ट निति नहुँदा राउटेहरु न परम्परात न विकसित जीवनसैलिका भएकाछन्। यिनिहरुलाइ यसरी राख्नु हुँदैन, कि पुर्ण आधुनिक बनाउन पर्यो ! कि परम्परागत सैलिमै बाच्नकालागी चाहिने बातावरनण मिलाउनु पर्छ। समाजशास्त्रिय दृस्टिले हेर्दा उनिहरुलाइ परम्परागत जीवनसैलिमा बाच्नसक्ने बनाउनु पर्छ। यसले नै हाम्रो देशको बिषेश पहिचान बचाइ रख्नेछ।

**सन्दर्व सूची**


→ खड्का सत्यदेवी। वि.स २०७७। राउटे समुदायको संक्षिप्त परिचय। राउटे लोपोन्मुख, सीमान्तकृत वर्ग उत्थान प्रतिष्ठान नेपाल

→ खड्का सत्यदेवी। वि.स २०७८। राउटे समुदायको अनौपचारिक अर्थतन्त्र (राउटे समुदायले प्रयोग गर्ने बनस्पति, काठ र भाँडाकुँडाहरू )

→ ज्वाला सन्देश डट कम। ई.स. २०१८-०८। राउटे समुदायको फेरिँदो जिवन शैली

→ क्लिकमाण्डू डट कम। ई.स. २०१८-०८। फेरिदैं राउटे समुदायको जिवनशैली

→ अनलाईन रेडियो नेपाल। फेरिदैं राउटेको जिवनशैली, जोखिममा सभ्यता

→ पिपल्स न्युज। वि.स. २०७८-०४-१०। राउटे समुदाय एक परिचय

→ गोरखापत्र अनलाईन डट कम। फेरिदैं राउटेको जिवनशैली, जोखिममा सभ्यता

→ ए.बि.सि टि.भी। आधुनिकिरणको प्रभाव र राउटे समुदायको फेरिएको जिवनशैली

→ लेखक। शान्ता कुमारी बस्याल। २०७९ चैत्र १२-२५ सम्म दैलेखको नारायण, श्रीस्थान, गुँरास गा.पाको स्थलगत अध्ययन